नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

## जल तथा मौसम विज्ञान विभाग

### मुस्ताङ जिल्लामा गएको हिमपहिरो सम्बन्धी प्रारम्भिक अध्ययनबाट प्राप्त जानकारी

मिति २०७८/०७/२८ गते बिहानको ११:४० बजेको आसपासमा वडा नं. २ कोबाङ,थासांङ गाउँपालिका, मुस्ताङ जिल्लामा गएको हिमपहिरोको सन्दर्भमा जल तथा मौसम विज्ञान विभागको प्रारम्भिक अध्ययन अनुसार सो हिमपहिरोको मूल टुकुचे हिमालमा रहेको छ। उक्त स्थानको लगभग ८ कि. मी. दक्षिण पूर्वमा रहेको थाकमार्फा हावापानी केन्द्रको औषत वार्षिक वर्षा ४१० मी. मी. रहेकोमा सन् २०२० र २०२१ मा औषत भन्दा बढी वर्षा भएको पाइएको छ, जस अनुसार सन् २०२० मा ५२९ मी. मी. र सन् २०२१ मा हालसम्म ६५५ मी. मी. वर्षा भएको देखिन्छ। त्यस्तै लगभग १२.५ कि.मी. दक्षिणमा रहेको लेते हावापानी केन्द्रको औषत वार्षिक वर्षा १४२३ मी. मी. रहेकोमा सन् २०२० र २०२१ मा औषत भन्दा बढी वर्षा भएको पाइएको छ, जस अनुसार सन् २०२० मा १८५४ मी. मी. र सन् २०२१ मा हालसम्म १७६२ मी. मी. वर्षा भएको देखिन्छ। थाकमार्फा हावापानी केन्द्रको औषत वार्षिक तापक्रम ११.४° से. तथा लेते हावापानी केन्द्रको औषत वार्षिक तापक्रम ११.८° से. रहेकोमा सन् २०२० र २०२१ मा तापक्रममा उल्लेख्य घटी बढी भएको देखिदैन। विगत एक महिनाको थाकमार्फा र लेते हावापानी केन्द्रको तापक्रमको अवलोकन गर्दा तापक्रम घट्दो क्रममा रहेको देखिन्छ। हिम पहिरो पश्चात कालिगण्डकी नदीको तल्लो तटीय क्षेत्रमा रहेको विभागको कालिगण्डकी तातोपानी जलविज्ञान केन्द्रमा मापन गरिएको जलसतहमा उल्लेख्य रुपमा परिवर्तन भएको देखिएको छैन। त्यसैगरी राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र, खानी तथा भूगर्भ विभागको websiteमा भएको सूचना अनुसार उक्त क्षेत्रमा सो समयमा कुनै भूकम्प मापन गरिएको छैन।

हिमाली क्षेत्रमा ठूला साना हिम पहिरोहरु प्राकृतिक रुपमा प्रायः गइरहने हुँदा यो निरन्तर भइरहने प्रक्रिया हो। सन् २०२० र २०२१ मा उक्त क्षेत्रमा औषत भन्दा बढी वर्षा भएको लेते र थाकमार्फा हावापानी केन्द्रको तथ्यांकबाट देखिएकोले उक्त क्षेत्रमा विगतमा भन्दा बढी हिउँ परेको हुन सक्ने अनुमान गरिएको छ। उक्त घटनामा गएको हिम पहिरो पनि सोही जम्मा भएको हिउँको वजनले प्राकृतिक रुपमा भएको प्रारम्भिक अनुमान रहेको छ। यस सम्बन्धी विस्तृत अध्ययन पश्चात थप जानकारी उपलब्ध गराइनेछ।



हिमपहिरो जानु अघि
मिति: ११ नोभेम्बर २०२१
स्रोत: Sentinel Hub






हिमपहिरो पछि
मिति: १६ नोभेम्बर २०२१
स्रोत: Sentinel Hub